# स्थानीय राजपत्र

रुवी भ्याली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड) ५ धादिङ, बागमती प्रदेश, नेपाल २१ श्रावण, २०७८ साल ( संख्या:२

भाग-१

## रुवी भ्याली गाउँपालिका

सेर्तुङ, धादिङ

रुवी भ्याली गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**प्रस्तावनाः**

सरकारी तथा अन्य सेवाबाट समायोजन भई रुवी भ्याली गाउँपालिकामा कामकाज गर्न खटिए पश्चात साविकको दुर्गम क्षेत्र विकास समिति र स्थानीय निकायको सेवामा प्रवेश गरि हालसम्म कार्यरत रहेका कर्मचारीहरुको वढुवा नहुँदा स्थानीय सेवाका समग्र कर्मचारीहरुको वृत्ति विकासमा बाधा परेकोले त्यस्ता कर्मचारीहरुको वढुवा तथा तहवृद्धि सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले रुवी भ्याली गाउँपालिकाको नवौं गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम :"रुवी भ्याली गाउँपालिका कर्मचारी व्यवस्थापन गर्न बनेको ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो ऐनमा,**

(क) "ऐन" भन्नाले रुवी भ्याली गाँउपालिकाको कर्मचारी समायोजन तथा व्यवथापनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ लाई सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले साविक दुर्गम क्षेत्र विकास समिति र स्थानीय निकायकावाट नियुक्ति पाई कर्मचारी समायोजन ऐन, २०७५ को दफा ६ बमोजिम नेपाल सरकारवाट समायोजन भई रुवी भ्याली गाउँपालिकामा समायोजन भएको र यो ऐन जारी हुँदाका बखत स्थायी सेवामा कार्यरत कर्मचारी सम्झनु पर्छ।



(ग) "कार्यपालिका" भन्नाले रुवी भ्याली गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले नेपाल सरकारको प्रचलित कानून र यस गाउँपालिकाले समय समयमा जारी गरिएको ऐन तथा कानूनमा तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ।

(ङ) "गाउँसभा" भन्नाले रुवी भ्याली गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ वमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(छ) "स्थानीय सेवा" भन्नाले रुवी भ्याली गाउँपालिकामा कार्यरत अन्यसेवा र अन्य स्थानीय तहवाट समायोजन भई कार्यरत स्थायी कर्मचारीहरुको सेवा समुहलाई सम्झनु पर्छ।

(ज) "गाउँपालिका" भन्नाले रुवी भ्याली गाउँपालिकालाई सम्झनु पर्छ।

(झ) "स्थानीय कानुन" भन्नाले रुवी भ्याली गाउँपालिकावाट जारी गरिएका कानुनलाई सम्झनु पर्छ।

**३. स्थानीय निकाय गाउँपालिका तथा अन्य सेवाका कर्मचारीहरुको वढुवा गर्ने :**

(१) साविकको स्थानीय निकाय र दुर्गम क्षेत्र विकास समितिमा नियुक्ति भई स्थायी रुपमा कार्यरत,

कर्मचारी समायोजन ऐन, २०७५ अनुसार यस गाउँपालिकामा समायोजन भई आउँदा वढुवामा नपरेको र यो ऐन जारी हुँदाका बखत गाउँपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको वढुवा गरिने छ।

(२) उपदफा: (१) वमोजिम कम्तीमा ५ वर्ष स्थायी रुपमा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको वढुवा देहाय बमोजिम हुनेछ।

| क. स | साविकको तह | समायोजन, वढुवा पश्चात समायोजन हुने तह | पदको नाम | कै. |
|---|---|---|---|---|
| | लेखापाल (सहाय स्तर पाँचौ) | अधिकृत स्तर छैठौ | लेखा अधिकृत (अधिकृत छैठौं) | |

(३) उपदफा: (२) वमाजिमको पदनाममा सम्वधित सेवा समुह जनाई पदनाम कायम हुनेछ।



(४) यस दफा वमोजिम रुवी भ्याली गाउँपालिकामा स्थानीय सेवामा समायोजन भएका अन्यसेवा र स्थानीय सेवाका कर्मचारीहरु वढुवा गर्दा कायम हुने तलव निजले सात्रिकामा खाईपाई आएको तलव भन्दा कम हुने भएमा ग्रेड थप गरी तलव मिलान गरिनेछ।

(५) उपदफा: (१) बमोजिम वढुवा स्वीकार गर्ने कर्मचारीहरुले वढुवा कायम हुने तहका निम्ति तोकिएको तलवमान र सुविधाहरु प्राप्त गर्नेछन्।

(६) उपदफा: (२) बमोजिमको वढुवा तथा तहवृद्धि सम्वन्धी प्रावधान एक पटकका लागि मात्र हुनेछ।

**४. वढुवा नियुक्ति दिनु पर्ने:** (१) यस ऐन बमोजिम वढुवा भए पश्चात गाउँपालिकाको तर्फवाट वढुवा भएका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले वढुवा भएको पदमा वढुवा नियुक्ति दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने नियुक्ति पत्र अनुसुचि १ बमोजिम हुनेछ।

**५. पदस्थापना गरिने:** दफा ३ वमोजिम वढुवा भएका गाउँपालिकाका स्थानीय सेवाका कर्मचारीहरुलाई वढुवा पश्चात पदस्थापन गर्नु अघि स्वत: पुल दरवन्दीमा कायम भएको मानिने छ। यसरी पुल दरवन्दीमा कायम भएका कर्मचारीहरुलाई पदस्थापन गर्नु पूर्व गरी आएको कामकाज गर्न वाधा पुगेको मानिने छैन।

६. **संगठन तथा व्यवस्थापन:** गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गराई पुल दरबन्दीमा रहेका कर्मचारीहरुलाई उपयुक्त सेवा, समुह र उपसमुहमा पदस्थापन गरिनेछ।

७. **वढुवा भएका कर्मचारीहरुको सेवा सुविधा:** यस ऐन बमोजिम स्थातीय सेवाका कर्मचारीहरुको तलव तथा अन्य सुबिधा प्रचलित कानुनले तोकिए बमोजिम हुनेछ।

८. **जेष्ठताको गणना:** (१) यस ऐन बमोजिम वढुवा भएका कर्मचारीहरुको जेष्ठता वढुवा भएको मिति देखि गणना गरिनेछ ।

९. **आवश्यक व्यवस्था मिलाईने:** यो ऐन कार्यान्वयन गर्ने कममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।



**अनुसुची १**

**दफा ४ को उपदफा (२) संग सम्बन्धित**

**पत्र संख्या :**

**चलानी नं :** **मिति :**

**विषय : वढुवा नियुक्ति ।**

श्री ................................

................................

**रुवी भ्याली गाउँपालिका कार्यालय सेर्तुङ, धादिङ ।**

यस गाउँपालिकाको कर्मचारी व्यवस्थापन गर्न बनेको ऐन, २०७८ बमोजिम यस कार्यालयको मिति २०७८/ / को निर्णयानुसार मिति ..........................देखि लागु हुनेगरी तपाईलाई देहाय बमोजिम वढुवा नियुक्ति गरिएको छ ।

आफुलाई तोकिएको जिम्मेबारी प्रचलित कानुनको अधिनमा रही इमान्दारीपूर्वक कार्य सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ । वढुवा नियुक्ति हुनु भएकोमा हार्दिक वधाई छ ।

**तपसिल**

| साविक पद, श्रेणी, तह र कार्यालय | वढुवा भएको पद, श्रेणी ,तह र कार्यालय |
|---|---|
| पद : | पद : |
| तह : | तह : |

| | |
|---|---|
| सेवा<br>समुह : | सेवा<br>समुह : |

प्रमुख प्रशासकिय अधिकृत

वोधार्थ

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह कर्मचारी प्रशासन शाखा) सिंहदरवार, काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
बागमती प्रदेश, मकवानपुर ।
श्री कर्मचारी सञ्चयकोष त्रिदेविमार्ग, ठमेल, काठमाडौं ।
श्री नागरिक लगानी कोष, नया वानेश्वर, काठमाडौं ।
श्री सावधिक जिवन विमा नया वानेश्वर, काठमाडौं ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, धादिङ ।
श्री रुवी भ्याली गाउँपालिका कार्यालय
(आर्थिक प्रशासन शाखा) सेर्तुङ, धादिङ ।

आज्ञाले
टंक बहादुर नेगी
प्रमुख प्रशासकिय अधिकृत

प्रमाणिकरण मिति : २०७८ श्रावण २१ गते